# लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि.

## चौंथो वार्षिक साधारण सभाको सूचना

मितिः २०६६/०२/२५ मा सम्पन्न सञ्चालक समितिको ५२औं बैठकको निर्णयानुसार निम्न मिति, स्थान र समयमा यस कम्पनीको बार्षिक साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभाको मिति, स्थान र समय:**

मितिः २०६६ साल आषाढ १९ गते शुक्रवार तदानुसार जुलाई ०३, २००९

स्थानः रसियन कल्चर सेन्टर, कमलपोखरी, काठमाडौं

समयः बिहान ११:०० बजे ।

**छलफलको बिषय सूचि:**

क) सञ्चालक समितिको बार्षिक प्रतिवेदन,

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ साल असार मसान्तको वासलात, आ.ब. २०६४/६५ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण अनुमोदन,

ग) सञ्चालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूंजीको ५.२६% नगद लाभांश अनुमोदन,

घ) आ.ब. २०६५/६६ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक (हाल बहालवाला लेखापरीक्षक श्री टि.आर. उपाध्याय एण्ड कम्पनी पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ)

ङ) बिबिध ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**सभा सम्बन्धी सामान्य जानकारी**

१. लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको बार्षिक आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन कम्पनीको वेभसाइट www.lgic.com.np बाट समेत हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. सभामा भाग लिन आउने सर्वसाधारण शेयरधनीहरूले सभा हुने दिन शेयरको प्रमाणपत्र साथमा लिई आउनु पर्नेछ ।

३. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रूपमा दर्ता भएका व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि नियुक्त गर्न सक्नेछन् ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहनुहुने शेयरधनीहरूले कम्पनीको कुनै एक शेयरधनीलाई प्रतिनिधि मुकरर गरी सभा हुनुभन्दा ४८ घण्टा अगावै संस्थापक शेयरधनीहरूले कम्पनीको कार्यालयमा र सर्वसाधारण शेयरधनीहरूले यस कम्पनीको शेयर रजिष्ट्रारको कार्यालय, एस डेभलपमेन्ट बैंक लि. नक्सालमा दर्ता गर्नुपर्नेछ । एकै शेयरधनीले कुनै एक प्रतिनिधि मुकरर गरेकोमा सो बदर नगरी अर्को प्रतिनिधि मुकरर गरेमा जुन लिखत पहिले प्राप्त भई दर्ता हुन्छ, सो मात्र मान्य हुनेछ ।

५. बार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनीहरूले यथासक्य झोला नल्याउनुहुन अनुरोध छ । सभाको सुरक्षाका लागि खटिएका स्वयंसेवकले शेयरधनी महानुभावहरू लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला वा शरीर जाँच गर्न सक्नेछन् ।

६. हाजिर पुस्तिका १०:०० बजेदेखि १२:०० बजेसम्म खुल्ला रहनेछ ।

७. अन्य बिषयहरूको सम्बन्धमा कम्पनीको कार्यालयमा सम्पर्क राखी जानकारी लिन सकिनेछ ।

**साधारण सभाको प्रयोजनको लागि शेयर दाखिल खारेजको काम २०६६/३/०५ देखि २०६६/३/१९ गतेसम्म बन्द रहनेछ ।**

**लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड**
पो.ब.नं. २३१००, त्रिदेबीमार्ग ठमेल, काठमाडौं,